नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र
बाढी पूर्वानुमान महाशाखा

चक्रवात 'अर्नब' को सम्भावित प्रभाव
बाढी तथा अन्य जलजन्य जोखिम आंकलन तथा पूर्वसूचना
मितिः २०८३ कार्तिक १४ गते


चक्रवात 'अर्नब' को प्रभावका कारण नेपालको विशेषगरी कर्णाली, बबई, पश्चिम राप्ती, नारायणी, बागमती, कमला, कन्काई र कोशी नदी जलाधार तिनका उपजलाधार तथा आसपासका क्षेत्रमा मध्यम वर्षा भईरहेको र नदीको जलसतह उल्लेख्य रूपमा बढ्न सक्ने देखिएको छ। यसबाट हुन सक्ने सम्भावित जलजन्य जोखिमसम्बन्धी आंकलन देहायबमोजिम रहेको छ।


१. कार्तिक १४-१८ गते सम्म पूर्वानुमान


मिति	प्रमुख नदीहरुमा सम्भावित जलजन्य जोखिमको अवस्था
कार्तिक १४ गते (शनिबार)	कर्णाली, बबई, पश्चिम राप्ती, नारायणी, बागमती, कमला, कन्काई, कोशी नदी र आसपासका जलाधारमा मध्यम/भारी वर्षा संगै नदीको जलसतह उल्लेख्य रूपमा बढ्न सक्ने। अन्य नदीहरुमा जलसतह सामान्य मात्र बृद्दि हुने। मध्यम जोखिमको संभावना
कार्तिक १५,१६ ,१७ र १८ गते	देशैभरका प्रमुख नदीहरुमा जलसतह सामान्य अवस्थामा रहने।

२. सम्भावित जलजन्य जोखिम

- **प्रमुख नदीहरूः** हालको आंकलन अनुसार प्रमुख नदीहरूमा जलसतह सतर्कता तहभन्दा माथि पुग्ने सम्भावना न्युन रहेको छ। तथापि, वर्षाको वास्तविक मात्रा र नदीको अवस्थाअनुसार जोखिम परिवर्तन हुन सक्छ।
- **उच्च हिमाली क्षेत्रमा जोखिमः** कोशी, नारायणी तथा कर्णाली जलाधारका उच्च हिमाली क्षेत्रमा हिमपात, हिमपहिरोजन्य जोखिमको सम्भावना रहने देखिएको छ।
- **पहाडी/चुरे तथा तराई क्षेत्रमा आकस्मिक बाढी तथा डुवान जोखिमः** शनिबार विशेषगरी कर्णाली, बबई, पश्चिम राप्ती, नारायणी, बागमती, कमला, कन्काई, कोशी नदी जलाधारको पहाडी/चुरे क्षेत्रमा आकस्मिक बाढीको जोखिम रहन सक्ने देखिएको छ। कार्तिक १४, १५ र १६ गतेको लागि जिल्लागत आकस्मिक बाढी जोखिम पूर्वानुमान चित्रात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ।




आकस्मिक बहाव (Flash Flood) जोखिम पूर्वानुमान
(२०८३ कार्तिक १५ गते बिहान ८ बजे देखि २४ घण्टा)
नक्सामा विभिन्न जिल्ला भइ बहने स-साना नदीहरूमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान र सो को जोखिम देखाइएको छ।
संकेत
नदि
जोखिमको तह
न्यून जोखिम
मध्यम जोखिम
उच्च जोखिम
अति उच्च जोखिम
0 50 100 150 200 km


आकस्मिक बहाव (Flash Flood) जोखिम पूर्वानुमान
(२०८३ कार्तिक १६ गते बिहान ८ बजे देखि २४ घण्टा)
नक्सामा विभिन्न जिल्ला भइ बहने स-साना नदीहरूमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान र सो को जोखिम देखाइएको छ।
संकेत
नदि
जोखिमको तह
न्यून जोखिम
मध्यम जोखिम
उच्च जोखिम
अति उच्च जोखिम
0 50 100 150 200 km

३ .सरोकारवाला/सर्वसाधारणका लागि अनुरोध

सम्भावित वर्षा र जलजन्य जोखिमलाई ध्यानमा राखी नदी तथा खोलाको तटीय क्षेत्र, खोला किनारका सडक, जोखिमयुक्त नदी उपत्यका र हिमाली क्षेत्रमा यात्रा नगर्नुहोस। अत्यावश्यक यात्रा गर्दा सतर्कता अपनाउनुहोस्। उक्त अवधिमा खोला तर्ने, नदी किनारमा जाने कार्य नगर्नुहोस्। आधिकारिक सूचना तथा स्थानीय प्रशासनको निर्देशन पालना गर्नुहोस्।

नोटः चक्रवातको सम्भावित प्रभाव, वर्षाको अवस्था तथा नदीको जलसतह पूर्वानुमानको अद्यावधिक पूर्वानुमान विश्लेषणका आधारमा प्रणाली अन्त्य नहुंदा सम्म निरन्तर बाढी पूर्वानुमान तथा पूर्वसूचना विस्तृत बुलेटिन जारी गरिनेछ। साथै सो अवधिसम्मको लागि टोल फ्री नम्बर १११५५(२) पुनः सुचारु गरिएको जानकारी गराउँदछौं।

सर्वसाधारण तथा सरोकारवालाका लागि परामर्श (Advisory):

रङ्ग	चेतावनीको अवस्था	सर्वसाधारणका लागि सन्देश	सरोकारवाला निकायका लागि सन्देश
हरियो (Green)	सामान्य अवस्था	नदीको बहाव सामान्य अवस्थामा छ। बाढीको जोखिम छैन। नियमित रूपमा सूचना प्राप्त गरिरहनुहोस्।	नियमित अनुगमन तथा तयारीको अवस्था कायम राख्ने। कुनै विशेष कार्य आवश्यक छैन।
पहेंलो (Yellow)	सतर्क रहनुहोस्	नदीको जलसतह बढ्न सक्ने तथा चेतावनी तह नजिक पुग्न सक्ने सम्भावना छ। नदी तटीय तथा होचा भू-भागका बासिन्दाले सतर्क रही अद्यावधिक सूचना प्राप्त गरिरहनुहोस्।	नदीको अवस्थाको निगरानी बढाउने, स्थानीय तह तथा समुदायलाई सूचित गर्ने र आवश्यक तयारी सुरु गर्ने।
सुन्तला (Orange)	तयारी अवस्थामा रहनुहोस्	नदी तटीय तथा जोखिमयुक्त क्षेत्रमा बाढी आउने सम्भावना उच्च छ।अत्यावश्यक सामग्री तयारी अवस्थामा राख्नुहोस् र आवश्यक परे सुरक्षित स्थानमा जान तयार रहनुहोस्।	आपतकालीन तयारीका उपायहरू कार्यान्वयन गर्ने, उद्धार तथा राहतका स्रोत-साधन तयारी अवस्थामा राख्ने र सम्भावित स्थानान्तरणको तयारी गर्ने।
रातो (Red)	तुरुन्त प्रतिकार्य गर्नुहोस्	गम्भीर बाढीको जोखिम रहेको वा बाढी भइरहेको अवस्था हो। सम्बन्धित निकायको निर्देशन अनुसार सुरक्षित स्थानमा जानुहोस् तथा नदी र बाढीग्रस्त क्षेत्रबाट टाढा रहनुहोस्।	उद्धार, राहत तथा आवश्यक परे स्थानान्तरणका कार्यहरू तत्काल सञ्चालन गर्ने तथा बहु-निकाय समन्वय गरी आपतकालीन प्रतिकार्य सुरु गर्ने।